# लिखु तामाकोशी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः६ मितिः २०८०\०३\२६

भाग–२

## लिखु तामाकोशी गाउँपालिका

## स्वास्थ्य राहत तथा यातायात खर्च प्रदान गर्ने सम्बन्धि (पहिलो संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०३/२६

**प्रस्तावनाः** लिखु तामाकोशी गाउँपालिकामा रहेका असहाय तथा दीर्घ रोगीहरुको लागि सहज स्वास्थ्य उपचार गर्न र त्यस्ता रोग लागेका व्यक्तिहरुलाई राहत तथा यातायात खर्च प्रदान गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले मिति २०७७/०५/०२ गते स्वीकृत यो कार्यविधिमा गाउँ कार्यपालिकाको मिति २०८०/०३/२६ को निर्णयानुसार संशोधन सहित यो कार्यविधि जारी गरेको छ।

- प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको

**१. उद्देश्य** : गाउँपालिका क्षेत्रमा रहेका असहाय तथा दीर्घ रोगीलाई राहत प्रदान गर्ने ।

**२. परिभाषा** : क) ‘‘राहत प्रदान’’ भन्नाले मान्यता प्राप्त संस्थाबाट असहाय तथा दीर्घ रोग लागेका भनी उल्लेख गरिएका बिरामीहरुलाई प्रदान गर्ने राहत तथा यातायात खर्च रकम सम्झनु पर्दछ ।

(ख) ‘‘दीर्घरोगी तथा असहाय रोग’’ भन्नाले निको नहुने तथा उपचार पद्धति महँगो र जटिल प्रकृतिका देहायमा उल्लेखित रोग सम्झनु पर्दछ ।

(ग) ‘‘अध्यक्ष’’ भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) ‘‘उपाध्यक्ष’’ भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले लिखुतामाकोशी गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(च) ‘‘प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(छ) ‘‘गाउँपालिका’’ भन्नाले लिखु तामाकोशी गाउँपालिका सम्झनु पर्दछ ।

(ज) ‘‘सदस्य’’ भन्नाले गाउँसभाको सदस्य सम्झनु पर्दछ । सो शब्दले गाउँकार्यपालिकाको सदस्य समेतलाई जनाउँनेछ ।

(झ) ‘‘सभा’’ भन्नाले लिखु तामाकोशी गाउँ सभालाई सम्झनु पर्दछ ।

**३. राहत प्रदान गर्न सकिने दीर्घ रोगहरु:**दीर्घ रोगहरु भन्नाले देहाय बमोजिमका रोगहरुलाई बुझाउँनेछ।

(क) सबै प्रकारका क्यान्सर

(ख) मृगौला रोग

(ग) मुटु रोग भई दीर्घ समस्या भएको

(घ) स्पाइनल समस्या

(ङ) अल्जाइमर्स

(च) पार्किन्सन्स

(छ) Seizure/Epilepsy

(ज) अन्य जटिल प्रकृतिका रोगहरु

**४. राहत वितरण किसिम :**

१) गाउँ सभाबाट निर्णय भए बमोजिम लिखु तामाकोशी गाउँपालिका गाउँ सभा सदस्य लगायत जनप्रतिनिधि, कर्मचारीहरुको परिवार, स्थानीय वासिन्दाहरुलाई एक बिरामीलाई एक पटकको लागि मात्र बढीमा (स्वदेशभित्र) **रु.२५,०००/-** (अक्षरुपी पच्चिस हजार मात्र ।) र विदेशमा उपचार गर्ने भएमा बढीमा **रु:३,००,०००/- (तीन लाख मात्र।)** सम्म नगदमा राहत तथा यातायात खर्च स्वरुप प्रदान गर्न सकिनेछ ।

**५. राहत प्राप्त गर्नको लागि आवश्यक कागजपत्रहरु :**

क) नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा सम्बन्धित बिरामीले चेकजाँच गरेको कागजपत्र र अस्पतालको सिफारिस पत्र

- **प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको**

ख) वडा कार्यालयको सिफारिस पत्र

ग) नागरिकताको प्रमाण पत्र

घ) लिखित निवेदन

ङ) बिरामी स्वयं उपस्थित हुन नसक्ने भएमा वडा अध्यक्षबाट प्रमाणित गरिएको बिरामीको मञ्जुरीनामा

च) मञ्जुरीनामा लिने र दिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

**६. छानबिन तथा अन्तिम निर्णय गर्ने अधिकार :-** गाउँपालिकाका निम्न पदाधिकारी रहने समितिमा निहित रहनेछ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | -संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| ३. स्वास्थ्य शाखा प्रमुख | - सदस्य सचिव |

**७. लक्षित समुह र वर्ग :** सबै प्रमाणित भएका दीर्घरोगीहरु ।

**८. अभिलेख व्यवस्थापन :** स्वास्थ्य राहत तथा यातायात खर्च खर्च सम्बन्धी समपूर्ण कागजातहरुको लिखु तामाकोशी गाउँकार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखाले अभिलेख व्यवस्थापन गर्नेछ ।

लिखु तामाकोशी गाउँपालिकाको बैठकवाट मिति २०८०/०३/२६ गते पारित यो कार्यविधि लिखु तामाकोशी गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

(विनोद कुमार अधिकारी)

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/०३/२६

- प्रथम संशोधन २०८० बाट परिमार्जित गरिएको